आज मिति २०७५।१०।२४ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री खुमकान्त आचार्य ज्यू को अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, दार्चुलामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले तपशिल बमोजिमका पदाधिकारीहरू समेतको उपस्थितिमा विपद् सम्बन्धी विविध विषयमा तपशिल बमोजिम छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्र. जि. अ. - श्री खुमकान्त आचार्य

विशेष आमन्त्रित:

जि.स.स. प्रमुख - श्री करविर बहादुर कार्की

नगर प्रमुख - श्री हंसराज भट्ट

आयोजना प्रमुख - श्री मित्र कराल

गुल्मपति/सेना - श्री गणेश रावल

प्र.नि.उ. - श्री नवराज अधिकारी

स.प्र.नि.उ. - श्री भिम बहादुर चन्द

प्र.अ.अ. - श्री हिरण्य बा. कुवर

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) - ज्ञानेन्द्र धामी

गोपाल सिंह मह्रा ने.रे.स. सभापति

डम्बर बहादुर सिंह वा.प.सं. नेपाल स्काउट

ना.सु. जनक राज खनाल

नेपाल ने.रे.सो. दार्चुला दान महरा

अध्यक्ष - शंकर सिंह धामी FNJ दार्चुला

रिपोटर राम सिंह धामी TV Today Taleneepal

मंगल सिंह ठगुन्ना उ.वा. संघ

अमर सिंह धामी, डि० क० का०

कुमार बा. रनइका - ... जि.कि.कि. डि. - प्रमुख

हरक सिंह बिष्ट सचिव नेपाली कांग्रेस दार्चुला

स.प्र.जि.अ. - श्री देव सिंह कुवर

खरिदार - श्री शर्मराज पन्त

I.M officer - श्री राजकुमार घिमिरे

## निर्णय नं. १

नेपाल रेडक्रस सोसाईटी केन्द्रिय विपद व्यवस्थापनद्वारा सञ्चालित DP-DRR कार्यक्रम अन्तरगत यस जिल्ला शाखामा प्राप्त **छ (६) वटा Samsung मोबाईल** विपद्को समयमा प्रारम्भिक द्रुत लेखा जोखा (Initial Rapid Assessments) कार्यमा प्रयोग गर्ने गरि नेपाल रेडक्रस सोसाईटी शाखा कार्यालय दार्चुलाबाट DDMC लाई तपशिल बमोजिमका संस्था/कार्यालयहरुको जिम्मामा रहने गरि हस्तान्तरण गर्ने निर्णय गरियो।

तपशिल

१. जिल्ला प्रशासन कार्यालय, दार्चुला – थान १
२. जिल्ला प्रहरी कार्यालय, दार्चुला – थान ३
३. जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र, दार्चुला – थान १
४. नेपाल रेडक्रस सोसाईटी, शाखा कार्यालय, दार्चुला – थान १

## निर्णय नं. २

नेपाल रेडक्रस सोसाईटी, केन्द्रिय विपद व्यवस्थापनद्वारा सञ्चालित DP-DRR कार्यक्रम अन्तरगत का गतिविधिहरुमा जिल्लाका विपद घटनाहरुलाई जानकारी तथा योजनात्मकरुपमा अगाडी लैजान भूकम्प तथा बाढी प्रतिकार्य योजना **Response Matrix Plan** सबै सरोकारवालाहरुको सहयोग र समन्वयमा निर्माण भएको र उक्त दस्तावेजलाई अनुमोदन गरि जिल्ला समन्वय समिति मार्फत समन्वय गरि जिल्ला स्थित सबै स्थानीय तहहरुमा पठाउने र सबै स्थानीय तहबाट समेत आ-आफ्नो कार्यपालिकाको लागि उक्त प्रतिकार्य योजना निर्माणका लागि अनुरोध गर्ने निर्णय गरियो।

## निर्णय नं. ३

गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रको च.नं. १६७ मिति २०७५।९।१५ गतेको पत्रानुसार जिल्ला प्रशासन कार्यालय दार्चुला र नेपाल रेडक्रस सोसाईटीको प्राविधिक सहयोगमा **हिमपात पुर्वतयारी तथा प्रतिकार्य योजना, २०७५** निर्माण भईसकेको र सो योजनालाई अनुमोदन गरि जिल्ला समन्वय समिति मार्फत समन्वय गरि जिल्ला स्थित सबै स्थानीय तहहरुमा पठाउने र सबै स्थानीय तहबाट समेत आ-आफ्नो कार्यपालिकाको लागि उक्त प्रतिकार्य योजना निर्माणका लागि अनुरोध गर्ने निर्णय गरियो।

## निर्णय नं. ४

विपदको समयमा सबैको सहयोग र सहभागितामा राहत/उद्धार कार्य गर्न जिल्ला स्थित सबै स्थानीय तहहरु (गाउँपालिका र नगरपालिका) मा विपद् फोकल पर्सन अगाडीनै तोकिएको भए सोहि बमोजिम र नतोकिएको भएमा तुरुन्त **फोकल पर्सन** तोकि प्रत्येक वडाहरुबाट ३/३ जनाका दरले जनशक्ति तयार गर्ने गरि तालिमको योजना बनाई क्षमता अभिवृद्धि गरि स्थानीय आपतकालीन संचालन केन्द्रलाई बलियो बनाउदै प्रतिकार्यको कार्यलाई अगाडी बढाउने र बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प जस्ता सम्भावित विपदमा प्रतिकार्य/उद्धारका लागि सूरक्षा निकाय र नेपाल रेडक्रससंग समन्वय गरि स्थानीय तहमा उद्धार सामाग्रीहरु आवश्यकताको आधारमा पूर्व तयारीको लागि स्थानीय तहबाट नै खरिद गरि विपदको समयमा तयार रहने गरि व्यवस्था गर्ने जिल्ला समन्वय समिति मार्फत स्थानीयतहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

वर्षा, बाढी, पहिरो जस्ता विपदबाट घर जग्गा, जमिन, व्यवसाय, खाद्यान्न, भाँडाकुँडा, लुगा कपडा सरसामान क्षति भई जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट नियमानुसार मापदण्ड बमोजिम प्रहरी सर्जमिन मुचुल्का, गाउँपालिका/नगरपालिका/वडा कार्यालयको सिफारिस समेतका कागजातहरुका आधारमा जिल्ला दैवि प्रकोप राहत कोषबाट यस **आ.व. २०७५/०७६** को आजका मिति सम्म पिडित भएका (मृतकको परिवार संख्या १ समेत) जम्मा १८ परिवार/व्यक्तिलाई वितरण गरिएको **जम्मा राहत रकम रु. २,४५,५००।– (अक्षरेपी दुई लाख पैतालिस हजार पाँच सय मात्र)** खर्च समर्थन गर्ने निर्णय गरियो ।